# आर्थिक वर्ष २०७४/०७५ को
# बजेट वक्तव्य

फाल्गुनन्द गाँउपालिका
फाक्तेप, पाँचथर
प्रदेश नं. १
२०७४

*फाल्गुनन्द गाँउपालिकाको प्रथम ऐतिहासिक गाँउसभामा गाँउपालिकाका उपाध्यक्ष श्री देवित्रा कुमारी आङदेम्बेले प्रस्तुत गर्नुभएको यस गाँउपालिकाको आ.व.०७४/०७५ को अनुमानित आय व्यय सहितको बजेट वक्तव्य*

फाल्गुनन्द गाँउपालिकाको प्रथम ऐतिहासिक गाँउसभा बैठकका अध्यक्ष ज्यू,
गाँउ सभाका सदस्यज्यूहरु,

सर्वप्रथम करिब सात दशकसम्म लोकतन्त्र र अग्रगामी परिवर्तनको लागी पटक पटक भएको संघर्ष यात्रामा गौरवपूर्ण सहादत प्राप्त गर्नुभएका देशका हजारौं ज्ञात अज्ञात वीर शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उँहाहरुको आत्माको चीर शान्तीको कामना गर्दछु ।
गत २०७२ असोज ३ गतेका दिन नेपालको संविधान २०७२ जारी भई समानुपातिक, समावेशी र समतामूलक समाज निर्माण गर्न हाम्रो देशमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था पाएका छौं । संविधान घोषण भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमण कालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । यही क्रममा २०७४ असार १४ गते हाम्रो पाँचथर जिल्लामा पनि स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई लामो समयसम्म जनप्रतिनिधिविहिन भएका फाल्गुनन्दवासीले पनि आज आफ्नै घर आँगनमा लोकतन्त्र र प्रत्यक्ष स्थानीय सरकार आएको महशुस गरिरहेको देख्न सकिन्छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको बाटो भनेको तीब्र आर्थिक विकास नै हो ।
**बैठकका माननीय सभा अध्यक्ष जयू,**
दुर्गम पहाडी जिल्ला पाँचथरको दक्षिणी भेगमा अवस्थित प्रचुर प्राकृतिक सम्पदा र सौन्दर्य, मेहनती र परिश्रमी जनता, भौगोलिक विशिष्टता आदिजस्ता विशेषताले भरिएको फाल्गुनन्द गाँउपालिका राज्य संरचनाबाट आएको एउटा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त पर्यटकीय गाँउपालिका हो । कृषि, औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविधुत आदिजस्ता विषयमा उज्वल भविष्यको सम्भावना बोकेको यस गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा पछाडि नै

परिरहेको छ । उपलब्ध श्रोत, साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामूहिक इच्छाशक्तिका साथ विभिन्न चुनौतिहरुको सामना र विद्यमान अवसरहरुको सदुपोग गर्ने गरी यस आर्थिक वर्षको बजेट तयार गरेको छु । यस गाँउपालिकाको आ.व. २०७४।०७५ को बजेट विनियोजन गर्दा नेपालको संविधान २०७२ को राजस्व श्रोतको बाँडफाँड तथा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको दिग्दर्शनको अधिनमा रही बस्ती तथा टोलबाट उच्च प्राथमिकताका साथ आएका क्रमागत योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार भईसकेका योजना तथा बहुक्षेत्रीय पोषणका योजनाहरुलाई समेत प्राथमिकता दिइएको छ । नेपाल सरकारबाट प्राप्त भएको समानिकरण (सशर्त र निशर्त) अनुदान, सञ्चित कोषमा मौज्दात भएको रकम र असुल हुन सक्ने राजस्व रकमलाई श्रोत कायम गरि बजेट तर्जुमा गरिएको छ । बर्षौ अघिदेखि माथीबाट योजना लाद्ने परम्परागत कार्यक्रमको गलत ढाँचा तथा बजेटका आधारमा योजनाहरु दामासाहीले बाँडने गलत प्रवृतिलाई परिवर्तन गरी एउटा सन्तुलित, सहभागीतामूलक, गुणस्तरीय, वैज्ञानिक तथा न्यायोचित विकासको परम्परालाई अभिवृद्धि गर्ने प्रयास गरिएको छ । साथै बर्षौ अगाडि साविक गा.वि.स.को अनुदान ३ लाख देखि सुरु भएकोमा हाल आएर स्थानीय तह गठन भएपछि यसले व्यापकता पाएको छ । यस गाँउपालिकाका ७ वटा वडाहरुमा जनसंख्याको घनत्व, भूगोल तथा भौगोलिक विकटता आदिको आधारमा सिमा निर्धारण गरी विनियोजन गरिएको बजेट राशीले यस क्षेत्रका जनताको सामाजिक तथा आर्थिक स्तरमा परिवर्तन गरि समतामूलक समाज निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने कुरामा कुनै द्धिविधा छैन ।

**सभा अध्यक्ष जयू,**

**अब म चालु आ.व. २०७४।०७५ को अनुमानित आय र व्यय प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

चालु आ.व. २०७४।०७५ मा यस फाल्गुनन्द गाँउपालिकाका लागि नेपाल सरकार बाट वित्तिय समानीकरण अनुदान मार्फत रु.१६ करोड ७९ लाख ७९ हजार रकमको सुनिश्चितता प्राप्त भएको छ । यसैगरि नेपाल सरकारबाट सशर्त अनुदान मार्फत रु ११ करोड ४८ लाख ६० हजार रकमको सुनिश्चितता प्राप्त भएको छ । आन्तरिक श्रोत तथा राजश्व बाँडफाँडबाट रु ४० लाख ९० हजार ५ सय ९० आम्दानी हुने अनुमान गरिएको छ तथा संघीय संरचना पूर्वाधार विकास कार्यक्रम

मार्फत यस गाँउपालिकाको संचित कोषमा रु.४८ लाख जम्मा हुन आएको छ । यसरी चालु आ.व.२०७४।०७५ को यस गाँउपालिकाको बार्षिक बजेटको आकार २९ करोड १७ लाख २९ हजार ५ सय नब्बे रुपैयाको हुनेछ ।

## फाल्गुनन्द गाँउपालिकाको आर्थिक बर्ष ०७४।०७५ को श्रोत अनुमान

अनुसूची-१

| शीर्षक | आ.व. २०७२/७३ को यथार्थ | आ.व. २०७३/७४ को संशोधित अनुमान | आ.व. २०७४/७५ को अनुमान रु. |
|---|---|---|---|
| **आयः** | | | **२९१७२९५९०** |
| **राजस्वः** | | | **४०९०५९०** |
| आन्तरिक राजस्व | | | २०९०५९० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | २०००००० |
| अन्य आय | | | ० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | **२८७६३९०००** |
| नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान | | | ११४८६०००० |
| नेपाल सरकारबाट प्राप्त निःशर्त अनुदान | | | १६७९७९००० |
| प्रदेश सरकारबाट प्राप्त | | | ० |
| अन्तर स्थानीय तहबाट प्राप्त | | | ० |
| आ व (०७३/७४) को (बैङ्क मौज्दात) | | | ४८००००० |
| **जनसहभागिताः** | | | **०** |
| नगद सहभागिता | | | ० |
| श्रम तथा वस्तुगत सहायता | | | ० |
| **व्ययः** | | | **२९१७२९५९०** |
| **बजेट बचत (+)/न्यून (-)** | | | **०** |
| **वित्तीय व्यवस्था** | | | **०** |
| **खुद ऋण लगानी** | | | **०** |
| ऋण लगानी (-) | | | ० |
| ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | 0 |
| **खुद शेयर लगानी** | | | **०** |
| शेयर लगानी (-) | | | 0 |
| शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | 0 |
| **खुद ऋण प्राप्ती** | | | **०** |

| | | | | | |
|---|---|---|---|---|---|
| | ऋणको साँवा भुक्तानी (-) | | | | ० |
| | ऋण प्राप्ती (+) | | | | ० |
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | | | | | **०** |

## आयतर्फः

### १. राजस्वः

यस फाल्गुनन्द गाँउपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर तिर्ने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराई रु ४० लाख ९० हजार ५ सय ९० रुपैया राजस्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसका लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत र साधनको अधिकतम परिचालन गरि आर्थिक गतिविधिमा बृद्धि गरिनेछ, उद्योग, पर्यटन, व्यापार जस्ता गतिविधिमा बृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

### क. आन्तरिक राजस्व

यस फाल्गुनन्द गाँउपालिकाभित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र क्षेत्र समेतको विश्लेण गरि निर्धारित कर राजस्व, गैर कर राजस्व, सेवा शुल्क दस्तुर आदिको आधारमा देहायबमोजिमका शिर्षकमा रु. २० लाख ९० हजार ५ सय ९० रुपैया आन्तरिक राजस्वको अनुमान प्रस्तुत गर्दछु ।

| शिर्षक | अनुमानित जम्मा रकम रु. |
|---|---|
| घरधुरी कर | रु.१,०४,०००। |
| भुमी कर | - |
| व्यवसाय कर | रु.४,३६,४५०। |
| विज्ञापन कर | - |
| उद्योग कर | रु.५०,०००। |
| हाट बजार कर | रु.३,१४,४४०। |
| सिफारिस दस्तुर | रु.८,६१,२००। |
| सवारी कर | रु.१,७४,५००। |
| संस्था दर्ता | रु.५०,०००। |
| निकासी कर | रु.१,००,०००। |

### ख. राजस्व बाँडफाँड

यस आ.व. मा श्री जिल्ला समन्वय समितिको कार्यालय, फिदिम-पाँचथरबाट रु.१० लाख रुपैया र श्री मालपोत कार्यालय फिदिम-पाँथरबाट रु.१० लाख रुपैया गरी जम्मा रु.२० लाख रुपैया राजस्व बाँडफाँडबाट रकम प्राप्त हुने अनुमान गरेको छु ।

१. अन्तर सरकारी वितिय हस्तान्तरण :

क. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान :

| कार्यक्रम तथा क्रियाकलाप | श्रोत | प्राप्त अनुदान रु |
|---|---|---|
| स्थानीय तहमा रहने कृषि प्राविधिकको तलब तथा पोशाक | नेपाल सरकार | ९,६०,०००। |
| एक गाँउ एक प्राविधिक | नेपाल सरकार | ५,९१,०००। |
| १ ओटा सामूदायिक सिकाई केन्द्रलाई ICT पूर्वाधार | नेपाल सरकार | २,००,०००। |
| आधारभूत तहका शिक्षक तलब तथा प्रशासनिक खर्च | नेपाल सरकार | ६,४२,१९,०००। |
| माध्यमिक तहका शिक्षक तलब तथा प्रशासनिक खर्च | नेपाल सरकार | १,५१,८९,०००। |
| विद्यालय क्षेत्र विकास कार्यक्रम | नेपाल सरकार | ६५,०४,०००। |
| विद्यालय क्षेत्र विकास कार्यक्रम | एस.एस.डि.पि. | १०,९५,०००। |
| विद्यालय क्षेत्र विकास कार्यक्रम | एस.एस.डि.पि. | २२,९४,०००। |
| स्वास्थ्य, स्थायी कर्मचारीको तलब भत्ता | नेपाल सरकार | ८८,७०,०००। |
| स्वास्थ्य, कर्मचारीहरुको स्थानीय भत्ता | नेपाल सरकार | ४,००,०००। |
| स्वास्थ्य, कर्मचारीहरुको महंगी भत्ता | नेपाल सरकार | २,४०,०००। |
| अन्य स्वास्थ्यकर्मीको फिल्ड भत्ता | नेपाल सरकार | १,१०,०००। |
| स्वास्थ्य, बैठक तथा अन्य भत्ता | नेपाल सरकार | ६०,०००। |
| स्वास्थ्य, पदाधिकारी तथा निजामति कर्मचारीको पोशाक भत्ता | नेपाल सरकार | १,८८,०००। |
| स्वास्थ्य, पानी तथा विजुली महशुल | नेपाल सरकार | १२,०००। |
| स्वास्थ्य, व्यक्ति करार | नेपाल सरकार | ६,००,०००। |
| स्वास्थ्य, साधारण अनुगमन | नेपाल सरकार | २,०००। |
| स्वास्थ्य, सरुवा भ्रमण खर्च र दैनिक भत्ता | नेपाल सरकार | १०,०००। |

| | | |
|---|---|---|
| स्वास्थ्य, सञ्चार महशुल | नेपाल सरकार | २,०००। |
| स्वास्थ्य, घर भाडा | नेपाल सरकार | १०,०००। |
| स्वास्थ्य, कार्यालय मसलन्द खर्च | नेपाल सरकार | ५०,०००। |
| आयुर्वेद, स्थायी कर्मचारीको तलब भत्ता | नेपाल सरकार | ५१,८९,०००। |
| आयुर्वेद, कर्मचारीहरुको स्थानीय भत्ता | नेपाल सरकार | ४,२६,०००। |
| आयुर्वेद, कर्मचारीहरुको महंगी भत्ता | नेपाल सरकार | १,५६,०००। |
| आयुर्वेद, बैठक तथा अन्य भत्ता | नेपाल सरकार | १,९६,०००। |
| आयुर्वेद, पदाधिकारी तथा निजामति कर्मचारीको पोशाक भत्ता | नेपाल सरकार | ९८,०००। |
| आयुर्वेद, पानी तथा विजुली महशुल | नेपाल सरकार | ६६,०००। |
| आयुर्वेद, इन्धन तथा अन्य प्रयोजन | नेपाल सरकार | ३५,०००। |
| आयुर्वेद, व्यक्ति करार | नेपाल सरकार | ३,३६,०००। |
| आयुर्वेद, संचार महशुल | नेपाल सरकार | ४८,०००। |
| आयुर्वेद, कार्यालयको विविध खर्च | नेपाल सरकार | ३५,०००। |
| आयुर्वेद, घर भाडा | नेपाल सरकार | १,८०,०००। |
| आयुर्वेद, कार्यालयको लागि इन्धन | नेपाल सरकार | २६,०००। |
| आयुर्वेद, सवारी साधन सञ्चालन तथा मर्मत | नेपाल सरकार | ४५,०००। |
| आयुर्वेद, कार्यालय मसलन्द सामान खर्च | नेपाल सरकार | ४०,०००। |
| स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा सामाग्रीहरु वितराण | नेपाल सरकार | २,०००। |
| छापा संचार माध्यमबाट स्वास्थ्य सन्देस प्रसारण | नेपाल सरकार | १२,०००। |
| स्थानीय स्तरमा स्वास्थ्य शिक्षा सामाग्रीको उत्पादन तथा वितरण | नेपाल सरकार | ३,०००। |
| विद्यालयमा स्वास्थ्य प्रवर्धन तथा शिक्षा कार्यक्रम | नेपाल सरकार | १२,०००। |
| समुदायमा स्वास्थ्य सेवा प्रवर्धन अन्तरक्रिया कार्यक्रम | नेपाल सरकार | १२,०००। |
| समुदायिक स्वास्थ्य प्रबर्धन अभियान | नेपाल सरकार | ६,०००। |
| सुनौला हजार दिन प्रवर्धनका लागि संचार अभियान कार्यक्रम | नेपाल सरकार | ५७,०००। |
| विश्व स्वास्थ्य दिवस लगायत स्वास्थ्य दिवसहरु मनाउने | नेपाल सरकार | ४,०००। |

| | | |
|---|---|---|
| महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई पोशाकभत्ता | नेपाल सरकार | ४,०५,०००। |
| अस्पताल तथा SBA Training Site एवं प्रा.स्वा.के. मा २४ घण्टा प्रसुती सेवा सञ्चालन गर्न करारमा अ.न.मी. नियुक्ति | नेपाल सरकार | ५,३२,०००। |
| औषधि, भ्याक्सिन, साधन, सामाग्री रिप्याकिङ, ढुवानी तथा वितरणं | नेपाल सरकार | ३५,०००। |
| परिवार स्वास्थ्य कार्यक्रमको लागि पार्टोग्राफ सहित फर्म फरमेट छपाई | नेपाल सरकार | ३,०००। |
| आई.यु.सि.डी. सेवा प्रदान | नेपाल सरकार | ४,०००। |
| महिला स्वास्थ्य स्वयं सेविका दिवस मनाउन | नेपाल सरकार | २६,०००। |
| इम्प्लान्ट सेवा | नेपाल सरकार | ११,०००। |
| महिला स्वास्थ्य स्वयं सेविका अर्धबार्षिक समिक्षा बैठक | नेपाल सरकार | १,८५,०००। |
| स्वा.स्व.से. हरुलाई दीर्घकालीन सेवाका लागि सम्मानजनक विदाइ | नेपाल सरकार | ६०,०००। |
| किशोरकिशोरी कार्यक्रम अन्तर्गत महिनावारी स्वास्थ्य व्यवस्थापन | नेपाल सरकार | ८,०००। |
| गाँउघर क्लिनिक संचालन यातायात खर्च | नेपाल सरकार | ६२,०००। |
| सुरक्षित प्रसुति सेवाका लागि EOC Monitoring तथा समिक्षा | नेपाल सरकार | १,०२,०००। |
| भिटमिन ए क्याप्सुल आम वितरण कार्यक्रमको लागि म.स्वा.स्व.से. परिचालन | नेपाल सरकार | ८७,०००। |
| PNC कम भएका वडाहरुमा माइक्रो प्लानिङ | नेपाल सरकार | २,००,०००। |
| स्वास्थ्य चौकी स्तरमा स्वास्थ्य संस्थाजन्य फोहर मैला व्यवस्थापन एवं गुणस्तर सुधार | नेपाल सरकार | १,००,०००। |
| औलो रोग ग्रसित क्षेत्रहरुमा शंकास्पद औलो रागी पत्ता लगाई नमुना संकलन गरी उपचार तथा केशको निगरानी | नेपाल सरकार | १०,०००। |
| निशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद | नेपाल सरकार | ३,५०,०००। |
| कार्यालय संचालन खर्च | नेपाल सरकार | ४,०००। |
| प्रा.स्वा.के/स्वा.चौ Opd ticket छपाई र दर्ता शुल्क | नेपाल सरकार | १,२५,०००। |

| | | |
|---|---|---|
| वापत अनुदान | | |
| आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोधभर्ना तथा यातायात खर्च | नेपाल सरकार | ६,७०,०००। |
| गर्भवति तथा सुत्केरी उत्प्रेरणा सेवा | नेपाल सरकार | ८२,०००। |
| जिल्ला तथा बर्थिङ सेन्टरहरुबाट आकस्मिक रुपमा रेफर | नेपाल सरकार | ६,०००। |
| सरकारी स्वास्थ्य संस्थाहरुमा प्रसुति हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला | नेपाल सरकार | १,७८,०००। |
| सिल्कन रिङ प्रेशरी खरिद | नेपाल सरकार | ५,०००। |
| प्राथमिक गाँउघर क्लिनिक संचालनका लागि उपकरण खरिद | नेपाल सरकार | ८,०००। |
| बर्थिङ सेन्टरहरुका लागि स्वास्थ्य उपकरण खरिद | नेपाल सरकार | १,५०,०००। |
| आपतकालीन पोषण कार्यक्रमका लागि आकस्मिक योजना तथा पूर्वतयारी ढाँचा विकास | युनिसेफ | १३,०००। |
| शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम | युनिसेफ | १,००,०००। |
| पूर्णखोपको दिगोपनाको लागि साझेदार र स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुसँग अन्तरक्रिया, स्थानीय योजना निर्माण र वडा खोप समन्वय समिति गठन | गाभी | ५२,०००। |
| पूर्णखोप जिल्ला, गां.पा. र वडा घोषणा कार्यक्रम, दिगोपनाको लागि सर्वेक्षण, भेरिफिकेसन, खोपको डाटा भेरिफिकेसन, प्रमाणिकरण र अनुगमन | गाभी | ६४,०००। |
| नियमित खोपको कभरेज बढाउन र ड्रप आउट घटाउन बैशाख महिनालाई खोप महिनाको रुपमा सञ्चालन, डाटा भेरिफिकेसन तथा अनुगमन | गाभी | ४०,०००। |
| परिवार नियोजन तथा सुरक्षित मातृत्व सेवा दिवस मनाउन | बेलायत | ५,०००। |
| लमो अवधिको जन्मान्तरको लागि सेटलाइट सेवा | बेलायत | ८२,०००। |
| बन्ध्याकरण घुम्ती शिविर अगावै म.स्वा.से. सँग छलफल | यु.एस.एड. | ३५,०००। |

| | | |
|---|---|---|
| स्टाफ नर्स/अ.न.मी.लाई क्लिनिकल अफडेट | यु.एस.एड. | २५,०००। |
| पोषण सम्बद्ध सूचकहरुको रुटिन डाटा क्वालिटि सेल्फ एसिसमेन्ट र अनुगमन | यु.एस.एड. | १२,०००। |
| VP मार्फत परिवार नियोजनको Onsite Cashing Program | यु.एस.एड. | २,००,०००। |
| सुनौला १००० दिनका महिला तथा बालबालिका लक्षित पूर्ण पोषणयुक्त गाँउ/वडा अभियान | यु.एस.एड. | १४,०००। |
| बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन तथा पोषण प्याकेज कार्यक्रम | यु.एस.एड. | १,५०,०००। |
| पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि स्वास्थ्य संस्था प्रमुख सहित गा.पा.प्रमुख तथा वडा प्रमुखहरुको १ दिने गोष्ठी | दाताको संयुक्त कोष | ४५,०००। |
| पँहुच नपुगेका र ड्रप आउट बच्चाको खोजी तथा पूर्ण खोप दिलाउन म.स्वा.स्व.से.हरुलाई अभिमुखीकरण र योजना निर्माण | दाताको संयुक्त कोष | ४४,०००। |
| गाँउपालिकाको सुक्ष्म योजना तर्जुमा तथा अध्यावधिक र पूर्ण खोप दिगोपनाको लागि २ दिने गोष्ठी | दाताको संयुक्त कोष | १,००,०००। |
| बाह्य खोप केन्द्र भवन निर्माण | दाताको संयुक्त कोष | ६,००,०००। |
| जनस्वास्थ्य सेवा, स्थानीय तह सञ्चालन खर्च | नेपाल सरकार | १०,०००। |
| उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औषधि, ल्याब सामाग्री ढुवानी | नेपाल सरकार | १५,०००। |
| उपचार केन्द्रहरुमा गई अनुगमन तथा मूल्याङकन गरि कार्यक्रमको गुणस्तरियता सुनिश्चित गर्ने | नेपाल सरकार | १५,०००। |
| औषधि परिक्षणका लागि automatic dissolution apparatus लगायतका कार्यालय, प्रयोगशाला उपकरण | नेपाल सरकार | ८५,०००। |
| क्षयरोगका बिरामी तौल अनुमान गर्न तौल मेशिन खरिद | नेपाल सरकार | १५,०००। |
| पी बि सी बिरामीका परिवारको क्षयरोग परिक्षण | नेपाल सरकार | ७,०००। |

| | | |
|---|---|---|
| गर्न यातायात खर्च | | |
| आयुर्वेद, निशुल्क टिकट दर्ता शुल्क अनुदान | नेपाल सरकार | ४५,०००। |
| राष्ट्रिय-अन्तर्राष्ट्रिय योग दिवस, आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती मनोउन | नेपाल सरकार | ३१,०००। |
| पंचकर्म कार्यक्रम | नेपाल सरकार | ३०,०००। |
| स्तनपायी आमालाई मातृ शिशु सुरक्षार्थ दुग्दबर्धक जडिबुटीजन्य औषधि वितरण सम्बन्धि कार्यक्रम | नेपाल सरकार | ६५,०००। |
| विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षा कार्यक्रम | नेपाल सरकार | ३०,०००। |
| स्थानीय जनतालाई जडिबुटी परिचयात्मक कार्यक्रम | नेपाल सरकार | १८,०००। |
| अत्यावश्यक आयुर्वेद औषधि खरिद | नेपाल सरकार | ७,४०,०००। |
| आयुर्वेद, फर्निचर खरिद | नेपाल सरकार | ८५,०००। |
| औषधालयहरुको लागि फर्निचर खरिद | नेपाल सरकार | ३०,०००। |
| आयुर्वेद, मेशिनरी औजार खरिद | नेपाल सरकार | ६०,०००। |

ख. नेपाल सरकारबाट प्राप्त निशर्त अनुदान :

- **वडाहरुमा बजेट विनियोजन रु.७,०९,०१,१५२।**

| वडाहरुको नाम | पुँजीगत तर्फ रु. | चालुतर्फ रु. | कुल विनियोजित रकम रु. |
|---|---|---|---|
| वडा नं १, नवमीडाँडा | १,१४,८०,९५२। | ९,००,०००। | १,२३,८०,९५२। |
| वडा नं २, इम्बुङ | ६६,६६,८००। | ९,००,०००। | ७५,६६,८००। |
| वडा नं ३, पौवासारताप | १,१०,०५,०००। | ९,००,०००। | १,१९,०५,०००। |
| वडा नं ४, चिलिङदिन | ९५,७६,४००। | ९,००,०००। | १,०४,७६,४००। |
| वडा नं ५, फाक्तेप | १,०५,२८,८००। | ९,००,०००। | १,१४,२८,८००। |
| वडा नं ६, | ७६,७१,६००। | ९,००,०००। | ८५,७१,६००। |

| | | | |
|---|---|---|---|
| मेहेलबोटे | | | |
| वडा नं ९, पिपलबाटे | ७६,७१,६००। | ९,००,०००। | ८५,७१,६००। |

- महिला विकास कार्यक्रमलाई अपुग थप रु.१४,१०,०००।
- पशु कार्यालयलाई अपुग थप रु.२८,५०,०००।
- कृषि कार्यालयलाई अपुग थप रु.५४,५०,०००।
- विपद व्यवस्थापन कोष रु.२०,००,०००।
- समपूरक कोष रु.५५,५५,५५५।
- पूँजीगत भैपरी रु.१०,००,०००।
- मर्मत संभार कोष रु.११,००,०००।
- कर्मचारी तथा पदाधिकारी तालिम,क्षमता विकास तालिम र प्रोत्साहन/बैठक तथा अन्य भत्ता रु.३०,००,०००।
- कर्मचारी कल्याण कोष रु.१३,१०,०००।
- अध्यक्ष विशेष कोष रु.४९,००,०४९।
- सञ्चार तथा प्रकाशन रु.३०,००,०००।
- फर्निचर तथा फिक्चर्स रु.५,००,०००।
- मेशिनरी औजार रु.५,००,०००।
- बहुक्षेत्रीय पोषण कार्यक्रम रु.१२,५५,०००।
- अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन भइरहेका सरकारी विधालयहरुलाई विशेष सहायता रु.७,००,०००।
- गाँउपालिका स्तरीय महिला सशक्तिकरण कार्यक्रम :
  क. महिला सिप तथा क्षमता अभिबृद्धि तालिम रु.६,५०,०००।
  ख. महिला नेतृत्व विकास तालिम रु.१,५०,०००।
- खानेपानी पाइप खरिद तथा वितरण रु.१३,५०,०००।

- जस्तापाता खरिद तथा वितरण रु.१०,२४,०३४।
- निशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद रु.२०,००,०००।
- गरिबी निवारण कार्यक्रम रु.२०,००,०००।
- विपन्न दलित सिप विकास तालिम र सिलाई तथा आरन मेशिन खरिद रु.२,५०,०००।
- गा.पा.स्तरीय बालभेला कार्यक्रम रु.१,१०,०००।
- अपांग विद्यार्थी छात्रवृत्ति कार्यक्रम रु.१,००,०००।
- गा.पा.स्तरीय ज्येष्ठ नागरिक, अपाङ्ग तथा एकल महिला सम्मान कार्यक्रम रु.३,५०,०००।
- भिलेज प्रोफाइल निर्माण रु.७,००,०००।
- वन संरक्षण सम्बन्धि अभिमुखिकरण तालिम तथा वृक्षारोपण कार्यक्रम रु.१,००,०००।
- खेलकुद :
  - क. खेलकुद सामाग्री खरिद रु.२,००,०००।
  - क. खेलकुद विकास तथा प्रवर्द्धनात्मक कार्यक्रम रु.३,००,०००।
- होमस्टे अभिमुखिकरण तालिम रु.७५,०००।
- प्राविधिक शिक्षा प्रोत्साहन कार्यक्रम रु.२,००,०००।
- धर्म संस्कृति, भेषभूषा, रितिरिवाज, चालचलन, भाषा, लिपि तथा साहित्य संरक्षण, संबर्द्धन तथा प्रबर्द्धनात्मक कार्यक्रम रु.३,००,०००।
- गाँउपालिकाको **Website** तथा विभिन्न **Software** निर्माण तथा खरिद र कनेक्टीभिटि रु.७,००,०००।

- बिजुली पोल (फलामे) तथा सो सम्बन्धि अन्य उपकरण खरिद रु १४,००,०००।
- आगामी आ.व. देखि यस गा.पा. का सबै विद्यालयहरुमा अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गर्न यस आ.व.मा योजना, पाठ्यक्रम सम्बन्धि तालिम, प्रतिवेदन तथा श्रोत केन्द्र कार्यालय सञ्चालन खर्च रु.३,५०,०००।
- सवारी साधन खरिद रु.१,१०,००,०००

  क. स्क्याभेटर - १ ओटा
  ख. पिकअप - १ ओटा
  ग. मोटरसाइकल - ३ ओटा
- युवा स्वरोजगार रु.४,००,०००।

  (भूकम्प प्रतिरोधात्मक घर निर्माण तालिम)
- योजना सञ्चालन, अनुगमन तथा मूल्याङकन तालिम रु.१,००,०००।

  (गाँउकार्यपालिकाका सदस्य १५ जनालाई)
- पञ्जीकरण तालिम रु.१,५०,०००।

  (वडा सचिब ७ जनालाई)
- कन्टेन्जेन्सी खर्च रु.११,७३,८००।
- गाँउकार्यपालिकाबाट व्यय हुने चालु खर्च रु.४,७५,००,०००।

| क्र.सं. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|
| १ | कर्मचारी/पदाधिकारी पारिश्रमिक तथा सुविधा | ४०,००,०००। |
| २ | तलब | १,२२,००,०००। |
| ३ | स्थानीय भत्ता | १५,००,०००। |
| ४ | महंगी भत्ता | ५,००,०००। |
| ५ | अन्य भत्ता | १५,००,०००। |

| | | |
|---|---|---|
| ६ | पेशाक भत्ता | ३,००,०००। |
| ७ | संचार | १०,००,०००। |
| ८ | घर भाडा | ५,००,०००। |
| ९ | अन्य भाडा | ५,००,०००। |
| १० | इन्धन | १५,००,०००। |
| ११ | अन्य इन्धन | ५,००,०००। |
| १२ | संचालन तथा मर्मत संभार | २०,००,०००। |
| १३ | विमा | ४,००,०००। |
| १४ | कार्यालय सम्बन्धि खर्च | ४०,००,०००। |
| १५ | अन्य सेवा शुल्क तथा सरसफाई | ३०,००,०००। |
| १६ | अनुगमन तथा मूल्याङकन खर्च | ४०,००,०००। |
| १७ | भ्रमण खर्च | १०,००,०००। |
| १८ | विविध | ३०,००,०००। |
| १९ | कार्यक्रम खर्च | २०,००,०००। |
| २० | सेवा तथा परामर्श | १५,००,०००। |
| २१ | पानी तथा विजुली | १,००,०००। |
| २२ | अन्य तालिम खर्च | १५,००,०००। |
| २३ | कर्मचारी तालिम खर्च | ५,००,०००। |
| २४ | चालु आकस्मिक खर्च | ५,००,०००। |

## ❖ केन्द्रिय स्तरबाट सञ्चालित योजनाहरु :

| क्र.स. | शिर्षक | योजना/आयोजना को नाम | ठेगाना | विनियोजित रकम रु. | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूँजीगत सुधार खर्च | साङ्गे छ्योर खोरलिङ गोन गुम्बा | फाल्गुनन्द २ | १,५०,०००। | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति पुल्चोक ललितपुरबाट आर्थिक अनुदान | |
| २ | पूँजीगत सुधार खर्च | नेपाल टासियार छोलिङ गुम्बा | फाल्गुनन्द ६ | १,५०,०००। | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति पुल्चोक ललितपुरबाट आर्थिक अनुदान | |
| ३ | - | बाघेडाँडा खानेपानी तथा सरसफाई आयोजना | फाल्गुनन्द ७ | ३२,८०,५००। अनुमानित रकम | गोर्खा वेल्फेयर स्किम, ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम, पोखरा | आयोजनाको प्राविधिक सर्वेक्षण पछि वास्तविक वजेट फरक हुन सक्नेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | खानेपानी तथा सरसफाई कार्यक्रम | मनछुवा खा.पा.बृहत योजना, चिलिङदिन | फाल्गुनन्द ४ | २,००,०००। | खानेपानी तथा ढल निकास विभाग, पानीपोखरी, काठमाण्डौ । | |
| ५ | खानेपानी तथा सरसफाई कार्यक्रम | पातले सिरान खा.पा. आयोजना, चिलिङदिन | फाल्गुनन्द ४ | २,००,०००। | खानेपानी तथा ढल निकास विभाग, पानीपोखरी, काठमाण्डौ । | |
| ६ | खानेपानी तथा सरसफाई कार्यक्रम | भित्तेटोल खा.पा. आयोजना, आङसराङ | फाल्गुनन्द ६ | १५,००,०००। | खानेपानी तथा ढल निकास विभाग, पानीपोखरी, काठमाण्डौ । | |
| ७ | खानेपानी तथा सरसफाई कार्यक्रम | बालु खा.पा. आयोजना डाँडाटोल, आङसराङ | फाल्गुनन्द ७ | १५,००,०००। | खानेपानी तथा ढल निकास विभाग, पानीपोखरी, काठमाण्डौ । | |
| ८ | खानेपानी तथा सरसफाई कार्यक्रम | फिलिग्न बरबोटे खा.पा. आयोजना, आङसराङ | फाल्गुनन्द ७ | १५,००,०००। | खानेपानी तथा ढल निकास विभाग, पानीपोखरी, काठमाण्डौ । | |
| ९ | खानेपानी तथा सरसफाई कार्यक्रम | साविक आङसराङ ७ खा.पा. आयोजना, आङसराङ | फाल्गुनन्द ७ | १५,००,०००। | खानेपानी तथा ढल निकास विभाग, पानीपोखरी, काठमाण्डौ । | |
| १० | खानेपानी सेवा नियमन तथा पुनस्थपना | फाल्गुनन्द गा.पा. सम्पन्न आयोजना मर्मत सुधार तथा पुनस्थापना | फाल्गुनन्द गाँउपालिका | ८,०६,०००। | खानेपानी तथा ढल निकास विभाग, पानीपोखरी, काठमाण्डौ । | |
| ११ | खानेपानी गुणस्तर सुधार कार्यक्रम | खानेपानी सुरक्षा योजना | फाल्गुनन्द गाँउपालिका | १,००,०००। | खानेपानी तथा ढल निकास विभाग, पानीपोखरी, काठमाण्डौ । | |
| १२ | चालु अनुदान | सामूदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालन, नवमीडाँडा | फाल्गुनन्द १ | ३,३५,००० | स्वास्थ्य सेवा विभाग, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा । | |

अन्त्यमा,

प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने गाँउकार्यपालिकाका पदाधिकारी तथा सदस्य ज्यूहरु, वडा समितिहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलका मित्रहरु, नागरिक समाज, बुद्धिजीवी, पत्रकार, सरकारी गैरसरकारी तथा सामूदायिक संस्थाहरु लगायत सम्पूर्ण फाल्गुनन्द गाँउपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदिबहिनी, दाजुभाईहरु सबैमा हार्दिक आभारका साथ वर्तमान वस्तुगत धरातलमा उभिएर चुनौतिहरुको सामना गर्दै यस गाँउपालिकाको विकास र संबृद्धि तथा बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु । धन्यवाद ।।।